३८ औं वैठक

आज मिति २०७६/१०/१७ गतेका दिन धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री ~~सन्तोष मुडभरी~~ विमला कुमारी देवल | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पालती | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री ~~लक्ष्मी नारायण चौधरी~~ हरी नारायण राना | कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिष्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री नारायण प्रसाद सापकोटा | सदस्य सचिव | |

Scanned by CamScanner

## मिति २०७६।१०।१७ को न.पा. कार्यपालिकाको ३८औं बैठकका निर्णयहरु:

नि.नं.१ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को कार्यविधि नं.१४ को देहाय दफा 'ख' को कानूनी व्यवस्था बमोजिम धनगढी उप-म.न.पा.का कार्यपालिका सदस्य कल्याणी सिंहलाई मनोनयन गर्ने निर्णय गरियो ।

नि.नं.२ धनगढी उप-म.न.पा.को विपद व्यवस्थापन कोषको लागी नेपाल रेडक्रस सोसाइटी, धनगढी, कैलाली (उत्थानशिल नगर प्रवर्द्धन तथा सहभागिता कार्यक्रम नेपाल रेडकस सोसाइटी) लाई विपद व्यवस्थापन कोषको लागी प्राप्त रु.२,००,०००। विपद व्यवस्थापन कोष च.हि.नं.४१७०३०५०६९६०२ मा जम्मा गरी सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं.३ धनगढी उप-म.न.पा. नगर कार्यपालिकाको कार्यालयको राजश्व सुधार कार्ययोजना ( २०७६ ) लाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

नि.नं.४ वैतडी समाज कैलालीद्धारा प्रकाशित बुलेटिन (वैतडी दर्पण) पहिलो अङ्कमा प्रकाशित बुलेटिन वापत रु.२५,०००। भुक्तानी गर्ने निर्णय गरियो । साथै, निम्न नि.नं.६ को उल्लिखित खण्ड (ग) को हकमा भने कार्यान्वयनमा आइ सकेकोले समर्थन गरी राजपत्रमा प्रकाशित गर्न छुटेको भए प्रकाशित गर्न लगाउने निर्णय गरियो ।

नि.नं.५ निम्न कार्यविधि र निर्देशिकाहरु स्वीकृती गरी न.पा.को राजपत्रमा प्रकाशित भएको दिन देखि कार्यान्वयनमा लग्ने निर्णय गरियो ।

(क) यान्त्रिकरण अनुदान कार्यविधि, २०७६

(ख) पूर्वाधार सुचना व्यवस्थापन प्रणाली संचालन कार्यविधि, २०७६

(ग) आधारभुत शिक्षा परीक्षा व्यवस्थापन निर्देशिका, २०७६ को समर्थन गरी राजपत्रमा प्रकाशित गर्ने ।

(ङ) साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

(च) धनगढी उप-महानगरपालिकामा विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६

(छ) धनगढी उप-महानगरपालिकाको जलवायु तथा विपद जोखिम पार्श्वचित्र, २०७६

नि.नं.६ धनगढी उप-महानगरपालिका विपद जोखिम न्युनीकरण र व्यवस्थापन गर्न बनेको विधेयक २०७६ दफावार छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने गरी हाललाई छलफलको लागी विधायन समितिमा पठाउने निर्णय गरियो ।

नि.नं.७ एक गा.वि.स.एक पशु सेवा प्राविधिक कार्यविधि, २०७३ वमोजिम नियुक्त भै पशु सेवा शाखामा कार्यरत ना.प.स्वा.प्रा.श्री धारणा पोखरेल र ना.प.से.प्रा.श्री रुकिमिणि चन्दको निरन्तरताको लागि आन्तरिक श्रोतवाट व्यहोर्ने गरी करार अवधि थप गर्ने निर्णय गरियो ।

नि.नं.८ नगर प्रमुखले गणतन्त्र दक्षिण कोरिया भ्रमण गर्दाको आतेजाते हवाइ टिकट खर्च र मसलन्द खर्च संलग्न कागजात अनुसारको सदर गर्दै आन्तरीक आयबाट खर्च लेख्ने निर्णय गरियो । साथै निजको पेश्की समेत

Scanned by CamScanner

फर्छ्यौट गर्ने निर्णय गरियो । प्रचलित कानूनको अधिनमा रही खर्च जतिसुकै वढी भए पनि निजले लिएको पेश्की रु.१,३०,०००। भन्दा वढी भुक्तानी नगर प्रमुखले नलिने निर्णय गरियो ।

नि.नं.९यस न.पा.का पशु सेवा शाखाका पशु चिकित्सक श्री समिर ठाकुरले मित्र राष्ट्र भारतमा रेविज विरुद्धको उपचारको लागी तालिममा जान पेश गर्नु भएको प्रस्ताव स्वीकृत गर्दै निवेदनमा पेश गर्नु भएको मिति सन,२०२० अप्रिल १३ देखि ऐ.२४ सम्मको दिन १५ को ( आतेजाते समेत ) काज, कुनै सुविधा उपलव्ध नगराउने गरी तालिम काज स्वीकृत गर्ने अनुमति दिइयो । साथै तालिमको लागी प्रवेश शुल्क संलग्न चेक ड्राफट अनुसार रु.१६,०००। न.पा.को आन्तरीक आयवाट खर्च लेख्ने निर्णय गरियो ।

नि.नं.१०योजना शाखाले पेश गरेको योजना परिवर्तनको प्रस्ताव सुत्र प्रणालीमा मिलान हुने गरी माग अनुसार परिवर्तन गर्ने निर्णय गरियो । जसको विस्तृत विवरण निर्णय नं.३१ मा खुलाइएको छ । र साथै अव नगर प्रमुख ज्यूको एकल निर्णयले परिवर्तन गर्ने अधिकार दिने निर्णय गरियो ।

नि.न.११लेखा शाखावाट पेश भएको विभिन्न खर्च शिर्षकको खर्च शिर्षक मिलान प्रस्ताव सुत्र प्रणाली अनुसार मिलान हुनेगरी परिवर्तन गर्ने निर्णय गरियो । साथै, विस्तृत विवरण तहका निर्णयहरुमा खुलाइएको छ ।

नि.नं.१२योजना शाखाको कार्यक्षमताको लागी खरिद गरिएको Equipment को विल अनुसारको रकम भुक्तानी लेख्ने निर्णय गरियो । साथै इन्जिनियरिङ क्षमता विकासको लागी लिएको तालिमको विल भर्पाई अनुसारको शुल्क रकम न.पा.को आन्तरिक आयवाट खर्च लेख्ने गरी अनुमति प्रदान गरियो । जसको विल अनुसार खर्च लेख्न यस पछिका निर्णयहरुमा समेत समावेश गरिएको छ ।

नि.नं.१३ नगरपालिकाले हालसम्म गरेका असल अभ्यास र Innovative Practices को जानकारी मन्त्रालयलाई प्रेषित गर्ने निर्णय गरियो ।

नि.नं.१४ MEDPA कार्यक्रम अन्तर्गतको सीप र उद्यमशिलता कार्यक्रम न.पा.को वडा नं.१२ को दलित वस्तीमा संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

नि.नं.१५ हेभी इक्युवमेण्ट र ग्रेडर चालक कर्मचारीको दैनिक भत्ता अत्तरियावाट काजमा आउने कर्मचारीलाई कानून वमोजिम दै.भ्र.भ. दिने सोको लागी दैनिक कामकाज गरेको प्रशासन प्रमाणितको आधारमा भुक्तानी गर्ने निर्णय गरियो । साथै दै.भ्र.भ. वाहेक अवधि पछि काम गरेको भए दैनिक खाजा खर्च अर्थ मन्त्रालयको नर्मस अनुसार उपलव्ध गराउने निर्णय गरियो । साथै नगर प्रमुख र उप-प्रमुखलाई सवारी साधन द्वारा आतेजाते गराउने ज्यालादारीका कर्मचारीले निज पदाधिकारी चढी जाने आउने सवारी साधनहरुमा उल्लिखित पदाधिकारी लिई जिल्ला वाहिर जानु पर्दा र आउनुपर्दा रात विताउनु परेमा ज्यालादारीमा काम गर्ने चालकले होटल विलको आधारमा होटल वास खर्च प्रतिदिन रु.६००।- र खाजा खाना खर्च प्रति दिन रु.५००।- का दरले मात्र न.पा.कोषवाट भुक्तानी लेख्ने निर्णय गरियो । साथै ज्यालादारी कर्मचारीले होटलवास खर्च र खाना खर्च वाहेक अन्य खर्च उपलव्ध नगराउने र नगर प्रमुख र उप-प्रमुखवाट वास खर्च र खाना खर्च तिरे भराएको पाइएमा ज्यालादारीका चालकलाई उल्लिखित सुविधा उपलव्ध गराउन नसकिने समेत निर्णय गरियो । साथै, ट्रिपर चालकलाई हाजिर प्रमाणितको आधारमा दैनिक प्रति व्यक्ति (चालक र सह-चालक ) प्रति दिन रु.२५०। का दरले २०७६।०८।०१ देखी लागु हुने गरी न.पा.को आन्तरीक आयवाट खर्च लेख्ने निर्णय गरियो । साथै, दमकल चालक र अरु कर्मचारी (छुटेका) लाई समेत मासिक रु.चार हजार उपलव्ध गराउने निर्णय गरियो । यस दफा नं.को निर्णय दमकल सेवामा कार्यरत ज्यालादारी कर्मचारीको हकमा मात्र लागु हुनेछ ।

Scanned by CamScanner

नि.नं.१६ धनगढी उप-महानगरपालिकाको मिति २०७६।७।१९ गतेको सार्वजनिक निजी साझेदारी सम्वन्धि दोश्रो चरणको विस्तृत प्रस्तावना पत्र पेश गर्नका लागी प्रकाशित सूचना वमोजिम पेश भएका तपसिलका प्रस्तावहरुलाई स्वीकृत गरि कार्यान्वयन गर्न प्र.प्र.अ.लाई अख्तियारी प्रदान गरियो ।

(क) जडिवुटी प्रशोधन केन्द्रको लिजीङ तथा व्यवस्थापन गर्ने कार्यका लागि ब्रम्ह आर्युवेद उद्योग प्रा.लि.ले पेश गरेको प्रस्ताव माथि छलफल हुंदा उक्त उद्योगले प्रस्तावमा माग गरेको वजेट यस कार्यालयवाट दिन नसकिने र साथै निर्माण गरिएका संरचनाहरुको पूर्ण रुपमा संरक्षण, मर्मत सम्भार र कार्यालयले दिएको निर्देशन पूर्ण रुपमा पालना गर्ने गरी आर्युवेद उद्योग संचालन गर्न अनुमति दिई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

(ख) धनगढी उप-महानगरपालिका क्षेत्र भित्र अव्यवस्थित रुपमा व्यापक रुपमा विकि वितरण भईरहेका मासुवजारलाई व्यवस्थित गरी धनगढी बजारलाई सफा, सुन्दर र व्यवस्थित बनाउन पशुहाट बजार र स्लटर हाउसको व्यवस्थापनका लागि पेश भएका दुवैका प्रस्तावहरु माथि छलफल गरी हेर्दा धनगढी उपमहानगरपालिकाका अलग अलग स्थानमा पशुहाट बजार र स्लटर हाउसका संचालनका लागि नारायणी मिट सप्लायर्स धनगढी-४ र यस सप धनगढी-२ लाई संचालन गर्न अनुमति दिई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

नि.नं.१७ धनगढी उप-महानगरपालिकाको आधारभुत तहको परीक्षा व्यवस्थापन तथा संचालन समितिको खाता संचालन गर्ने सम्वन्धमा व्यवस्थापन समितिका सदस्य-सचिव श्री महादेव जोशी र लेखा अधिकृत श्री सरस्वती जोशीको संयुक्त रुपमा खाता संचालन गर्ने निर्णयका साथै रकम जम्मा गरी खाता खोल्नेको लागी रा.वा.बैंक कैलालीलाई तोक्ने निर्णय गरियो ।

नि.नं.१८ रेडक्रस सोसाइटी को लागी जैविक तटवन्धमा नपुग हुने रकम लागत सहभागिताले नपुग भएमा योजना शाखाले वनाएको लागत अनुमानको आधारमा आन्तरिक आयबाट भुक्तानी लेख्ने निर्णय गरियो । साथै, यस सम्वन्धमा यस पछिका निर्णयहरुमा समेत उल्लेख गरिएको छ ।

नि.नं.१९नगरपालिका भित्र प्राविधिक ( योजना शाखा ) शाखामा काम गर्ने योजना प्रमुख , लगायत सम्पूर्ण प्राविधिक स्थायी र करार सेवामा कार्यरत कर्मचारीलाई साविक बमोजिम उपलब्ध गराइएको प्रोत्साहन भत्ता शुरु तलव स्केलको ३०% ले मिति २०७६।०४।०१ देखि लागु हुने गरि न.पा.को आन्तरीक आयबाट व्ययभार लिने गरी अख्तियारी दिने निर्णय गरियो । साथै साविकको न.पा.ले दिएको १५% थप सुविधामा समेत कुनै परिवर्तन नगरी कायमै राखी भुक्तानी दिन निर्णय अख्तियारी दिईयो । तर यो व्यवस्था हाल न.पा.वाट मिति २०७६।०७।२७ को सेवा करारमा काम गर्ने प्राविधिकको हकमा लागु हुने छैन । उल्लिखित थप सेवा सुविधा न.पा.मा विगत एक वर्ष अगाडी देखी सेवारत स्थायी र करारमा रहेका प्राविधिक कर्मचारीहरुको हकमा मात्र लागु हुनेछ । साथै यो निर्णय चालु आ.व.को हकमा मात्र लागु र कार्यान्वयन गरिने छ ।

नि.नं.२० नगर प्रमुख ज्यू को तोकआदेश बमोजिमका निम्न खर्चहरुको कार्यपालिका बाट सर्वसम्मत अनुमोदन गरियो ।

| सि.नं. | विवरण | रकम | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | होटल सोराइ लाई भुक्तानी | २९८८४। | ६।२।२०७६ | |
| २ | दिनेश ठकुल्ला स्वास्थ्य शिविर संचालन गर्न | ३५२९४। | ६।११।२०७६ | |
| ३ | अछाम सेवा समिति सम्पर्क कार्यालय शुभकामना छपाई विज्ञापन | ५००००। | ६।९।२०७६ | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | गौरा पर्व व्यवस्थापन अफिस | २३८२०। | ६।८।२०७६ | |
| ५ | हाम्रो खाजा घर विभिन्न मितिहरुको खाजा खर्च | १९२३७०। | ६।१२।२०७६ | |
| ६ | कारागारका कैदीहरुलाई दशै खर्च भुक्तानी | १५०००। | ६,१७,२०७६ | |
| ७ | दृष्टि फाउण्डेसनलाई भुक्तानी | ११०००। | ६।१७।२०७६ | |
| ८ | पार्वती देवी चौधरी सखिया नाच संचालन गर्न | ११०००। | ६।१७।२०७६ | |
| ९ | राधेश्याम राना | १५०००। | ६।३०।२०७६ | |
| १० | वेल्स क्याफे | ३४३०३। | ७।२६।२०७६ | |
| ११ | होटल जल्सा प्रा.लि. | १०८९३६। | ७।२९।२०७६ | |
| १२ | हाम्रो खाजा घर विभिन्न मितिहरुको खाजा खर्च | ७७०४०। | ८।१।२०७६ | |
| १३ | हरी प्रसाद भट्ट लगायतका कर्मचारीले हावाहुरीको राहत वितरणका लागि ओ.टी.काम गरे वापतको रकम भुक्तानी | ४७१००। | ८।११।२०७६ | |
| १४ | कलक व.सिंह वा.नं.१२ ध.उ.म.न.पा.को गाडीवाट दुर्घटनामा परि उपचार खर्च उपलब्ध गराएको रकम | ३५९८५। | ८।२०।२०७६ | |
| १५ | सुशासनको तालिम संचालन (चन्द्रकान्त अधिकारी) वापतको रकम होटल दिनेशलाई भुक्तानी | ३६५४४। | ९।२०।२०७६ | |
| १६ | होटल पुष्पान्जली विविध खर्च भुक्तानी | १९०००। | ९।२१।२०७६ | |
| १७ | नगर प्रमुख ज्यूको विदेश भ्रमण पेश्की रकम भुक्तानी | १३००००। | ९।१६।२०७६ | |
| १८ | हाम्रो खाजा घर विभिन्न मितिहरुको खाजा खर्च | १३८६७०। | १०।२।२०७६ | |
| १९ | वि.पोलीटेकनिक ईन्स्टिच्युट प्रा.लि.लाई अथिति सत्कार वापतको रकम भुक्तानी | २५९९० | १०।१०।२०७६ | |
| २० | अन्य स-साना खर्चहरु समेत | | | |

नि.नं.२१ आ.व.२०७६।०७७ मा यस उप.म.न.पा.ले विनियोजन गरेको वजेटमा निम्नानुसार खर्च संकेतमा रकम अपुग हुने देखिएकोले आ.व.शुरु भएको सातौ महिनामा रकमान्तर गरिएको छ । साथै, लेखाको सुत्र प्रणाली हुने गरि माथि गरिएका नीतिगत निर्णयानुसार रकमान्तर अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**घटाउने**

| सि.नं. | खर्च संकेत | रकम | स्रोत |
|---|---|---|---|
| १ | २१११२ | ६०,००,०००। | आन्तरिक आय |

**बढाउने**

| सि.नं | खर्च संकेत | शिर्षक तथा उपशिर्षक | रकम |
|---|---|---|---|
| १ | २२१११ | पानी तथा विजुली | २,२००,०००। |
| २ | २२३१९ | अन्य कार्यालय संचालन | ३००,०००। |
| ३ | २२५२९ | विविध कार्यक्रम खर्च | २,५००,०००। |
| ४ | २५३१५ | अन्य सहायता | १,०००,०००। |

**घटाउने**

| सि.नं. | खर्च संकेत | रकम |
|---|---|---|
| १ | ३१५११ | ४,००४,०००।<br>अक्षरुपी रु.चालिस लाख चार हजार मात्र |

**बढाउने**

| सि.नं | खर्च संकेत | शिर्षक तथा उपशिर्षक | रकम |
|---|---|---|---|
| १ | ३११५३ | सडक वत्ती खर्च नगरपालिका | २,५००,०००। |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २ | ३११५३ | भादा होमस्टेको सडक वत्ती जडान खर्च | ५००,०००। |
| ३ | ३११५३ | सुधारिएको चुलो | १,००४,०००। |

नि.नं.२२ धनगढी उप.म.न.पा.वडा नं.२ मा सब्जीमण्डी देखी पुरानो भन्सार रोड हुदै मोहना सम्मको नाली सहितको पक्की सडक निर्माणका लागी आर्थिक मामिला तथा योजना मन्त्रालय, सुदूरपश्चिम प्रदेश कैलालीलाई सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं.२३ लागु औषध नियन्त्रण सम्वन्धी कार्यक्रम कार्यान्वयन सम्वन्धमा नेपाल सरकार, गृह मन्त्रालयवाट प्राप्त मार्गदर्शन स्वीकृत गरी लागु गर्ने निर्णय गरियो । साथै, नगरपालिकाले यस पूर्व औषधि खरिदका वोलपत्र निर्णय/पशु सेवा शाखाका खरिद निर्णय लगायतका निर्णय समर्थन गरियो ।

नि.नं.२४ धनगढी उप.म.न.पा. वडा नं.९ को मुख्य प्रवेश स्थल संगम टोलमा स्थित उदय सिंह आउजीको घर देखि यस वडा नं.९ को कार्यालय भवन सम्मको मुख्य सडक कालोपत्रे गर्न प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं.२५ वडा नं.१५ का वडा अध्यक्ष को विल अनुसारको रु.३५,०००। रकम उपचार खर्चको भुक्तानी न.पा.को आन्तरीक आयवाट लेख्ने निर्णय गरियो । श्रोतको हकमा संवन्धित शिर्षकवाट मिलान हुने गरि खर्च लेखी लेखा सुत्र प्रणाली अनुसार हुने गरी गर्न अख्तियारी दिइयो ।

नि.नं.२६ वडा नं.२ को सब्जीमण्डी देखी पुरानो भन्सार रोड हुदै मोहना सम्मको ढल निकाश सहितको सडक कालोपत्रे र दोहोरो नाली निर्माणका लागी सु.प.प्रदेश सरकार आर्थिक योजना मन्त्रालय कैलालीलाई सिफारिस गर्ने निर्णय गरियो ।

नि.नं.२७ वडा नं.२ मा सडक वत्ती व्यवस्थापन शिर्षकको रु.दुई लाखले अपुग हुन गएकोले अपुग रकम रु.९०,०००। विभिन्न सडक ग्रावेल शिर्षकवाट रकमान्तर गरी लेखा को सुत्र प्रणाली अनुसार मिलान गर्ने गरी खर्च गर्न रकमान्तर गर्ने निर्णय गरियो ।

नि.नं.२८ वडा नं.१० को वडा कार्यालय र वडा नं.२ को वडा कार्यालयमा खानेपानीको व्यवस्थापन गर्न लागत अनुसार भुक्तानी लेख्न र सुत्र प्रणाली अनुसार मिलान गरी रकमान्तर गर्न अख्तियारी प्रदान गरियो ।

नि.नं.२९ लेखा सुत्र प्रणाली अनुसार सम्वन्धित शिर्षकवाट रकमान्तर गरी सुत्र व्यवस्थापनमा खलल नपर्ने गरी तपसिल वमोजिमका योजनामा भुक्तानी लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरियो ।

**तपशील:**

| क्रम संख्या | शिर्षक न. | आ.व. २०७६/०७७ छनौट भएका योजना हरु | सम्बन्धित वडा बाट योजना परिवर्तनको माग भई सिफारिस आएका योजनाहरु | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ३२८ | ध.उ.म.न.पा १ को सन्त निरंकारीमा सौचालय मर्मत | ध.उ.म.न.पा १ को बिभिन्न ठाउँमा ह्युम्पाईप जडान गर्ने काम | रु.१५२०००।- | योजना परिवर्तन गर्ने व्योहोराको सिफारिस पत्र आएको। |
| २. | १०८ | ध.उ.म.न.पा १ को फर्निचर खरिद | ध.उ.म.न.पा १ को विभिन्न स्थानमा नाली निर्माण | रु. २०००००।- | योजना परिवर्तन गर्ने व्योहोराको सिफारिस पत्र आएको। |
| ३. | ७३ | ध.उ.म.न.पा १ को मिसिनरि | ध.उ.म.न.पा १ को खानेपानी पाईप | रु. ३०००००।- | " |

Scanned by CamScanner

| | | औजार खरिद | खरिद तथा बिस्तार | | |
|---|---|---|---|---|---|
| ४. | २५३ | ध.उ.म.न.पा १ को केदार टोल अछाम सेवा समिति जाने सडक कालोपत्रे | ध.उ.म.न.पा १ को केदार टोल अछाम सेवा समिति जाने सडक नाली निर्माण तथा कालोपत्रे | रु. १८४०९६५.३५ | " |
| ५. | | ध.उ.म.न.पा १२ जुगेडा सिद्धार्थ नगर स्थित निगाली टोल जाने सडक कालोपत्रे | ध.उ.म.न.पा १२ मिलन चोक चौराह देखि पुर्व तर्फ लगभग १५० मिटर र २५० मिटर दक्षिण तर्फको रोडमा नाली निर्मार र त्यसमाथि कंक्रिट रोलर गिट्टी बिछयाउने काम | रु.८०००० | " |
| ६. | | ध.उ.म.न.पा ७ बेली, राम औतारको घर देखि पश्चिम सडक कालोपत्रे (पिच) | ध.उ.म.न.पा ७ बेली राम औतारको घर देखि पश्चिम तर्फ दोहोरो नाली निर्माण | रु. ५०००००\|- | " |
| ७. | | ध.उ.म.न.पा ७- देबरीया, भानु चौक मुर्ति रंगरोगन गर्ने काम | ध.उ.म.न.पा ७ देबरीया मोतिनगर टोलको मोतिराम भट्टको शालिक ब्यबस्थापन ( शालिक पुन: निर्माण, पिल्लर निर्माण तथा मुर्ति रंगरोगन) | रु. ५००००\|- | रु. ५०००००रकम थप माग गरिएको |
| ८ | २९१ | ध.उ.म.न.पा १३ मा सडक बत्ति तथा बिद्धुत पोल ब्यबस्थापन | ध.उ.म.न.पा १३ मा रु. ४ लाख सडक बत्तिमा खर्च गर्ने, २ लाख युवाको लागि ड्राइभीङ् तालिम संचालन गर्ने र १ लाख चौधरी समुदायको संस्कृति संवर्द्धन लागि खर्च गर्ने गरि योजना परिमार्जन | रु. ७०००००\|- | ४ लाख सडक बत्तिमा खर्च गर्ने, २ लाख युवाको लागि ड्राइभीङ् तालिम संचालन गर्ने र १ लाख चौधरी समुदायको संस्कृति सम्बर्दनको लागि खर्च गर्ने भनि योजना परिमार्जन सम्बन्धि सिफाफिस आएको \| |
| ९. | | ध.उ.म.न.पा ४ नवराज पन्तको घरदेखि उत्तर चक भाटको घरसम्म दोहोरो नाली निर्माण ( शिव पार्वती टोलको अम्बादत्त जोशीको घरदेखि पश्चिम इन्दिरा जोशीको घर सम्म पक्कि नाली निर्माण ) | ध.उ.म.न.पा ४ शिव पार्वती टोलको अम्बादत्त जोशीको घरदेखि पश्चिम इन्दिरा जोशीको घर सम्म पक्कि नाली निर्माण र नवराज पन्तको घरदेखि उत्तर चक्र भाटको घरसम्मको दोहोरो पक्कि नाली निर्माण योजना समयोजन गरिएको \| | रु. १५०००००\|-<br>रु. ७०००००\|- | संसोधन र एकीकरणको सिफाफिस आएको \| तर, बजेट सिर्शक फरक फरक रहेकोले भुक्तानी गर्दा सोहि बमोजिम गर्नु पर्ने \| |
| १०. | | ध.उ.म.न.पा ३ बिशालनगर बिक्रम सिंहको घरदेखि स्वरुपा गीरीको घरसम्म सडक कालोपत्रे | ध.उ.म.न.पा ३ सडकको अन्तिम प्वाईन्ट देखि पुष्पलाल आचार्यको घर हुदै मुख्य सडकको नाली सम्म पक्कि नाली निर्माण | रु. ५०००००\|- | योजना परिवर्तन गर्ने व्योहोराको सिफारिस पत्र आएको \| |
| ११. | | ध.उ.म.न.पा २ सरस्वतीनगर श्रीलंका टापु नयाँ बस्ति देखि पुर्व नयाँ पुल सम्मको बाटो कालोपत्रे | ध.उ.म.न.पा २ सरस्वतीनगर श्रीलंका टापु नयाँ बस्ति देखि पुर्व नयाँ पुल सम्मको कैलाली नाला तटबन्ध | रु. १००००००\|- | सोहि ठाउमा प्रदेशको योजना परेकोले परिवर्तन गर्नु परेको |
| १२. | | ध.उ.म.न.पा १४ शिवालयको धर्मशाला निर्माण र शिवालयको भवनको छाना निर्माण | उ.म.न.पा १४ शिवालयको धर्मशाला निर्माण र शिवालयको भवनको छाना निर्माण | रु. ५००००<br>रु. ५०००० | एकीकृत गरि एउटै योजना बनाईदिने सिफाफिस आएको \| तर, बजेट सिर्शक फरक फरक रहेकोले भुक्तानी गर्दा सोहि बमोजिम गर्नु पर्ने \| |
| १३. | | ध.उ.म.न.पा ४ शिवपुरीधामको सामुदायिक भवन निर्माण | ध.उ.म.न.पा ४ शिवपुरीधामको मूलद्वारमा गेट निर्माण र क्यारी बनाई माटो भरन गर्ने कार्य | रु. ४००००० | योजना परिवर्तन गर्ने व्योहोराको सिफारिस पत्र आएको \| |
| १४. | | धनगढी उप महानगरपालिका १ मा शिव मन्दिर निर्मार<br>धनगढी उप-महानगरपालिका वडा न. ८ मा शिब मन्दिरमका माटो | धनगढी उप महानगरपालिका १ र ८ मा शिव मन्दिर निर्माण र शिब मन्दिरमका माटो फिलिंग र वाल निर्माण (एकीकरण) | ५०००००<br>५००००० | योजना एकीकरणको सिफाफिस आएको \|तर, बजेट सिर्शक फरक फरक रहेकोले भुक्तानी गर्दा |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | फिलिंग र वाल निर्माण | | | सोहि बमोजिम गर्नु पर्ने। |
| १५. | | धनगढी उप महानगरपालिका वडा न. ७ पटेला अमरलाल चौधरीको घर जाने सडक कालोपत्रे र देवरिया/पटेला सडक र अमरलालको घर जाने सडक कालोपत्रे निर्माण | धनगढी उप महानगरपालिका वडा न. ७ मा अमरलाल चौधरीको घर देखि देवरिया/पटेला डुन्ड्र नाला कालोपत्रे सडक निर्माण र धनगढी उप-महानगरपालिका पटेला सडक निर्माण (एकीकरण) | रु. २४००००० रु. २०,६२८८० | योजना एकीकरण गरिएको। तर, बजेट सिर्शक फरक फरक रहेकोले भुक्तानी गर्दा सोहि बमोजिम गर्नु पर्ने। |
| १६. | | ध.उ.म.न.पा ५ मनोरमा श्रेष्ठको घरदेखि पश्चिम जाने सडक कालोपत्रे | ध.उ.म.न.पा ५ मनोरमा श्रेष्ठको घरदेखि पश्चिम जाने सडक कालोपत्रे (यस वडाको लागि फर्निचर खरिद सी.न. ९१ बाट रकम स्थान्तरण हुने) | रु. ६०००० रकम स्थान्तरण | सी.न. ९१ बाट रकम स्थान्तरण हुने |
| १७. | | ध.उ.म.न.पा. ५ सडक बत्ति ब्यबस्थापन (यस वडाको लागि फर्निचर खरिद सी.न. ९१ बाट रकम स्थान्तरण हुने | सडक बत्ति ब्यबस्थापन (यस वडाको लागि फर्निचर खरिद सी.न. ९१ बाट रकम स्थान्तरण हुने | रु. १५०००० रकम स्थान्तरण | सी.न. ९१ बाट रकम स्थान्तरण हुने |
| १८ | | ध.उ.म.न.पा. ५ गौरा महेश्वर मन्दिर तारानगर गडसरी टोलमा बत्ति जडान | नयाँ योजना सी.न. ९१ बाट रकम स्थान्तरण हुने | सी.न. ९१ बाट रकम स्थान्तरण हुने | सी.न. ९१ बाट रकम स्थान्तरण हुने |
| १९ | | ध..म.न.पा ५ बार्षिक खरिद योजनाको सिरियल नो २९१ मा उल्लेख भएको जाई महेश चन्दको घर जाने बाटोको पुरै रकम र फर्निचर खरिद शिर्षक बाट थप हुने रकम | ध.म.न.पा ५ जोधानी चौधरीको घर जाने बाटो कालोपत्रे तारानगर | रु. ६७५००० | सी.न. ९१ बाट १,७५००० रकम स्थान्तरण हुने |
| २० | ४७० | ध.उ.म.न.पा २ मा च्याउ खेतीका लागि टहरा निर्माण | ध..म.न.पा २ च्याउ खेतीका लागि टहरा निर्माण गरि च्याउ खेति गर्ने | रु. ४००००० | नाम संसोधन |
| २१. | ७९ | ध..म.न.पा १४ माच्याउ खेति मेसिन मर्मत | ध..म.न.पा १४ च्याउ खेति मेसिन मर्मत र च्याउ खेति गरि | रु. १००००० | शंसोधन |
| २२. | | धनगढी उप महानगरपालिका ३ को कान्तिपुर टोल केशव एरिको घरसम्म सडक कालोपत्रे | धनगढी उप महानगरपालिका ३ को सोहि स्थानमा दोहोरो पक्कि नाला निर्माण | रु. ५००००० | परिवर्तन |
| २३. | | ध.उ.म.न.पा १९ मा कार्यालय ब्यबस्थापन खर्च | ध.उ.म.न.पा १९ मा कार्यालय ब्यबस्थापन खर्च | रु. २००००० | रातो किताबमा छुट भएको |
| २४. | | ध.उ.म.न.पा १९ मा वृक्षारोपण र बाटो ग्राभेल विविध योजना | ध.उ.म.न.पा १९ मा वृक्षारोपण र बाटो ग्राभेल विविध योजना | रु. ५००००० | रातो किताबमा छुट भएको |
| २५. | १७१. | ध.उ.म.न.पा ३ वडहरा भुपेन्द्र बोहोराको घर सम्म सडक कालोपत्रे | ध.उ.म.न.पा ३ वडहरा स्थित राम बहादुर कटुवालको घर हुदै जनता नि.मा.वि. विसालनगरसम्म सडक कालोपत्रे | रु. ७००००० | परिवर्तन |
| २६. | ३२५ | ध.उ.म.न.पा-१ पूर्ण खनालको घर देखि ईश्वरि कठायतको घर सम्म नाली निर्माण ग्रेबल सहित | ध.उ.म.न.पा-१ पूर्ण खनालको घर देखि ईश्वरि कठायतको घर सम्म नाली निर्माण पी.सी.सी. सहित | रु. १०००००० | योजना परिवर्तन। |
| २७ | | धनगढी उप-महानगरपालिका ३ सरोज मेडिकल भित्र जाने सडक पि.पि.सि.गर्ने काम | धनगढी उप-महानगरपालिका ३ सरोज मेडिकल भित्र जाने सडकको दाया वाया पक्की नाली निर्माण गर्ने र सोको लागी थप रकम ज्ञानु प्लाजाको योजनावाट वचेको रकमलाई स्थानान्तरण गर्ने | रु.२०००००० | योजना सम्झौता भई सकेको र ज्ञानु प्लाजावाट रकम नवच्ने व्यहोराको प्राविधिक प्रतिवेदन पेश भएकाले परिवर्तन गर्न नसकिने। |
| २८. | | धनगढी उप-महानगरपालिका - ३ गोविन्द भडेलको घर सम्म सडक | सोहि योजनामा थप ५०मि. सडक कालोपत्रे गर्ने। | रु. ९००००० | थप रकम आगामी वजेटमा समावेश गर्ने गरी काम अघि वढाउने |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | कालोपत्रे | | | |
| २९. | | धनगढी उप महानगरपालिका- ४ स्थित शिवपुरीधाम अन्तरगत नमोदेव नगर नामादेव मन्दिर बहुमुखी सेवा केन्द्र भवनको झ्याल ढोका रङ्ग रोगन र अन्य मर्मत सम्भार | धनगढी उप महानगरपालिका- ४ स्थित शिवपुरीधाम अन्तरगत नमोदेव नगर नामादेव मन्दिर बहुमुखी सेवा केन्द्र भवनको झ्याल ढोका रङ्ग रोगन र अन्य मर्मत सम्भार | रु. ३०००००० | काम थपिएको। |
| ३०. | १६१ | धनगढी उप-महानगरपालिका - १३ विभिन्न सडक ग्राभेल | सोहि योजना मध्ये रु. १ लाख कैलाली गाउँमा क्रिकेट खेलका लागि बाकि रकम विभिन्न सडक ग्राबिल गर्ने । | रु. ७००००० | आवस्यकता अनुसार काम थपिएको। |
| ३१. | ३०७ | धनगढी उप-महानगरपालिका - १३ माछा पोखरी पन्तजीको घर जाने सडकमा पक्की नाली निर्माण | धनगढी उप-महानगरपालिका - १३ माछा पोखरी पन्तजीको घर जाने सडकमा कालोपत्रे | रु. ५००००० | योजना परिवर्तनको सिफारिस आएको |
| ३२. | २१५ | धनगढी उप-महानगरपालिका -१३ वडा कार्यालय पूर्वको अधुरो पक्कि नाली र सडक कालोपत्रे | धनगढी उप-महानगरपालिका -१३ वडा कार्यालय पूर्वको अधुरो पक्कि नाली निर्माण | रु. १५००००० | बजेट अपुग भएकोले नाली निर्माण मात्र गर्न सकिने सिफारिस आएको । |
| ३३. | | ध.उ.म.न.पा.६ स्थित भैरववावा मन्दिर पुर्व दलित वस्ती जाने सडक कालोपत्रे | नजरिया टोल ट्रान्समिटर देखि पश्चिम अर्जुन महतको घरसम्म सडक कालोपत्रे र सुर्योदय टोल छविलालको घरदेखि पश्चिम जंग वहादुरको घरसम्म १७५ मि.सडक कालोपत्रे | रु.७,००,०००। | |
| ३४ | | ध.उ.म.न.पा.१७ मा वडा कार्यालयको लागी ट्रस भवन निर्माण | ध.उ.म.न.ा.१७ हिरापुर टोल ( डायमण्ड चोक) मा प्रतिक्षालय निर्माण। | | |

नि. नं. ३०

यस धनगढी उपमहानगरपालिका लाई ब्यबस्थित एवं योजनावद्ध बिकास गर्ने उद्देश्यले यस उप- महानगरपालिका भित्र जग्गा प्लटिङ गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सम्बन्धित निकाय बाटअनुमति लिएर वा नलिई जग्गा कुनै प्रकारले खण्डीकरण (कित्ताकाट) गर्दा अनिवार्य रुपमा सात मिटर बाटो छोड्नुपर्ने र कित्ताकाट गर्दा ब्लक राख्न नपाईने निर्णय गरियो ।

नि.नं.३१ निकट भविष्यमा न.पा.ले गर्न लागेको विकास सम्मेलनमा लाग्ने अनुमानित खर्च रु.१५ लाख लेखा सुत्र प्रणाली मिलान गराइ रकमान्तर गरी खर्च गर्ने अख्तियारी प्रदान गरियो । खर्च श्रोतको हकमा विशिष्ट पदाधिकारी भ्रमण खर्चवाट भुक्तानी लेख्ने र अन्य खाजा खाना खर्च विविध शिर्षकवाट खर्च लेख्ने निर्णय गरियो । साथै, न.पा.ले इन्डक्शन चुलो र फलामे चुलो खरिद गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र खुमलटार संग खरीद सम्झौता गर्ने निर्णय गरियो । श्रोतको हकमा न.पा.को भैपरी पूँजिगत शिर्षकबाट भुक्तानी लेखी लेखा सुत्र प्रणाली अनुसार मिलान गर्ने निर्णय गरियो । विकाश सम्मेलनको सूचना प्रचार प्रसार, लोगो स्थानीय र राष्ट्रिय पत्रिकामा प्रकाशन गर्न रु.एक लाख बजेट विनियोजन गरी खर्चको श्रोतको हकमा उल्लिखित रु.१५ लाख भित्र रही खर्च गर्ने नपुग भएमा विविध, सूचना संचार, भैपरी, पूँजिगतवाट खर्च लेख्ने निर्णय गरियो ।

नि.नं.३२ न.पा.ले सबै शाखा महाशाखावाट मिति २०७६।१०।१६ सम्म गरिएका सार्वजनिक खरिदका निर्णयलाई समर्थन गरी स्वीकृत समेत गर्ने निर्णय गरियो । साथै, स्वास्थ्य शाखा, कृषि शाखा, पशु सेवा शाखाका सामान्य तर तत्काल सेवा दिनु पर्ने खरिद प्रकियालाई समर्थन गरियो ।

Scanned by CamScanner

**नि. नं.३३: निर्माणाधीन स्कूल भवनहरुको आइटम Variation गर्नुपर्ने सम्बन्धमा |**

निर्णय: यस धनगढी उप- महानगरपालिकामा आ. व. २०७६/०७७ अन्तर्गत निर्माण भैरहेका विभिन्न वडा स्थित स्कूल भवनहरुको स्वीकृत लागत अनुमान झ्याल र ढोकाको पल्लाको कार्यको लागी ३८ मि.मि. मोटो साल काठको फ्रेममा सालको पल्ला हुनु पर्ने मा BOQमा ३८ मि.मि. मोटो साल काठको फ्रेममा प्लाईबोर्डको पल्ला भयको हुँदा उक्त योजनाहरुमा स्वीकृत लागत अनुमान अनुसारको ३८ मि.मि. मोटो साल काठको फ्रेममा सालको पल्ला राखी कार्य गराउनको लागी नियमानुसार Variation स्वीकृत गर्ने निर्णय गरियो |

**नि.नं.३४: वडा कार्यालय भवनको ठाउँ परिवर्तन गर्नुपर्ने सम्बन्धमा |**

यस धनगढी उप- महानगरपालिकामा आ. व. २०७६/०७७ अन्तर्गतजिल्ला समन्वय समितिबाट विनियोजित बजेट शिर्षक बाट खर्च हुने गरि वडा न. ७ को वडा कार्यालय भवन निर्माण गर्नको लागी प्रक्रिया अगाढी बढी ठेक्का सम्झौता समेत भैसकेको अवस्थामा निर्माण स्थलको विवाद भएको हुँदा समयमै निर्माण कार्य सम्पन्न नहुनुका साथै बजेट फ्रीज हुने सम्भावना भएकोले उक्त वडा कार्यालय भवन निर्माण गर्नका लागी वडा न. ०५ जाई स्थित श्री भैरव बाबा मन्दिरको परिसरमा जग्गा उपलब्ध गराउने निर्णय भएको हुँदा उक्त वडा कार्यालय भवन वडा न. ५ भैरव बाबा मन्दिर परिसर भित्र रहेको जग्गामा निर्माण गर्ने निर्णय गरियो |

**नि.नं.३५ : सवदाह स्थल निर्माण गर्ने योजनाको निर्माण स्थल परिवर्तन गर्नुपर्ने सम्बन्धमा |**

यस उप-महानगरपालिकाको आ. व. २०७५/०७६ को वार्षिक कार्यक्रम अनुसार वडा न. ३ स्थित मोहना नदी किनारामा सवदाह स्थल निर्माण गर्नको विस्तृत आयोजना प्रतिबेदन (DPR) तयार गरि उक्त स्वीकृत विस्तृत आयोजना प्रतिबेदन (DPR) अनुसारको कार्य गर्नका लागी मिति २०७५/१२/१३ गते ठेक्का सूचना प्रकाशित गरी उक्त ठेक्कामा पर्न आएका बोलपत्रहरु मध्ये प्राबिधिक तथा आर्थिक प्रस्तावमा न्युनतम मुल्यांकित सारभूत रुपले प्रभावग्राही श्री TDR Construction Pvt. Ltd. Dhangadhi 02, Kailaliछनौट भइ निर्माण कार्य अगाढी बढाउन उक्त कम्पनि संग मिति २०७६/०३/१९ गते सम्झौता भएको मिति २०७६/३/२४ गते कार्य आदेश दिइएको र उक्त आयोजनाको निर्माण कार्य सम्पन्न हुने अवधी २०७८ असार मसान्त सम्मरहेको मा उक्त स्थानमा विवाद उत्पन्न भएर कार्य सुरु हुन ढिलाई भएकोले उक्त निर्माण कार्य समयमै सम्पन्न गर्नका लागी यथाशिघ्र कार्य अगाढी बढाउन आवश्यक रहेको अवस्थामा उक्त संरचना निर्माण गर्नका लागी वडा न. ०९ स्थित मोहना नदि किनारमा रहेको शान्ती टोल बिकास समितिको मातहतमा रहेको जग्गा समेत उपलब्ध हुने गरि निर्माण गर्न वडा न. ९ कार्यालयबाट निर्णयको प्रतिलिपिका साथ पत्र प्राप्त भएको हुँदा सोही स्थानमा निर्माण कार्य सुरुगर्ने निर्णय गरियो |

**नि.नं.३६ : प्रशासकीय भवनको लागी बजेट माग गर्ने सम्बन्धमा |**

यस धनगढी उप- महानगरपालिकाको निर्माणाधीन कार्यालय भवनआ. व. २०७६/०७७ को वार्षिक कार्यक्रममा समाबेश भएको हुँदा उक्त भवनको नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार बिभाग अन्तर्गत स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत स्थानीय तहको प्रशासकीय भवन निर्माणका लागी सार्वजनिक सूचना जारी भए अनुसार उक्त कार्यक्रममा बजेट माग निर्णय गरियो |

Scanned by CamScanner

नि.नं.३७आगामी २०७६।फागुन। १८ तदनुसार १ मार्च २०२० मा आयोजना हुने विकास सम्मेलन ( Development Conference ) का लागि अनुमानित रु.१५,००,०००। ( पन्ध्र लाख ) लागत स्विकृत गर्ने र उक्त रकम विविध तथा विशिष्ट पदाधिकारी भ्रमण शिर्षकवाट खर्च गर्ने निर्णय गरियो ।

नि.नं.३८लायन्स क्लव ग्रीन सिटी द्धारा वार्ड नं.७ पटेलागाउँमा संचालित ग्रीन भिलेज कार्यक्रमका लागि वातावरणिय विकास कोषवाट खर्च हुने गरी रु.५,००,०००। ( पाँच लाख ) उपलव्ध गराउने निर्णय गरियो ।

नि.नं.३९धनगढी -८ राधा कृष्ण मन्दीरको भवन मर्मत सम्भारका लागि मर्मत सम्भार कोष शिर्षकवाट रु.५,००,०००। ( पाँच लाख ) उपलव्ध गराउने निर्णय गरियो ।

नि.नं.४०वार्ड नं.७ को वेली स्वास्थ्य प्रवर्द्धन केन्द्रको निर्माणका लागि Placenta Pit निर्मित संरचना मर्मत शिर्षकवाट रु.१ लाख विनियोजन गर्ने निर्णय गरियो ।

नि.नं.४१अस्थायी प्रहरी पोष्ट त्रिनगरको ट्रस निर्माणका लागि ल.ई.वमोजिम रु.३,१५,०००। निर्मित संरचना मर्मत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

नि.नं.४२भादा होमस्टे प्रवर्द्धनका लागि विभिन्न कामहरु गर्नको लागि आन्तरीक श्रोतवाट रु.२८,५०,०००। खर्च गर्ने कार्यपालिकावाट निर्णय भएकोमा सो मध्ये रु.१३,५०,०००। पर्यटन प्रवर्द्धन तथा संस्कृति विकास ( Visit 2020 ) का लागि भैपरी पुंजीगत शिर्षकवाट खर्च गर्ने गरी स्विकृत गर्ने निर्णय गरियो ।

नि.नं.४३धनगढी उ.न.पा.वा.नं.२ लोकतान्त्रीक चौक देखि विश्वनाथ मन्दीर सम्म पक्की नाली सहित कालोपत्रे सडक निर्माण Tender भई कार्य भइरहेकोमा उक्त नालीको लम्वाई वढाई हुलाकी सडक सम्मको कल्भर्टसम्म थप गर्ने भनि पेश भएको टिप्पणी अनुसारको Variation रकम रु.१५,९४,८७२।०० रु.स्विकृत गर्ने निर्णय गरियो

नि.नं.४४यस धनगढी उपमहानगरपालिका अन्तर्गत तपसिल वमोजिमका कार्यहरु तत्काल गर्न माग भई आएकाले आगामी वजेटमा समावेश गर्ने गरी काम अगाडी वढाउने निर्णय गरियो ।

**तपसिल**

(क) धनगढी -२ खप्तड टोल वोधराम ओझाको घर देखि इश्वर जोशीको घरसम्म पक्की नाली निर्माण ।
(ख) धनगढी -५ तारानगर योसीधा भण्डारी को घर पश्चिम कालोपत्रे सडक मर्मत गर्ने काम ।
(ग) धनगढी -१ लक्ष्मीनगर दीपक ओलीको घर जाने वाटो कालोपत्रे ।
(घ) धनगढी -३ वोराडांडी केशव विष्टको घरसम्म कालोपत्रेमा थप ५० मीटर कालोपत्रे ।
(ङ) धनगढी -५ हसनपुर जगदम्वा टोल भन्दा उत्तर २०० मीटर कालोपत्रे गर्ने काम ।
(च) डी गाउ देखि सि गाउ जाने सडकमा ६० मीटर थप गर्ने ।
(छ) धनगढी -१३ वडा कार्यालय भएको गेट निर्माण तथा माटो फिलिङ गर्ने ।
(ज) धनगढी -१८ को वडा कार्यालय भवनको लागि शौचालय निर्माण गर्ने ।
(झ) धनगढी -७ को पशुपति शिक्षा मन्दिर, देवरियाको माथिल्लो तलाको अधुरो काम सम्पन्न गर्ने ।

नि.नं.४५, साना तिना तत्काल गर्नु पर्ने योजनागत खर्च र रु.पाँचलाख भन्दा कमका योजनागत खर्चको निर्णयाधिकार नगर प्रमुखवाट प्रमुख प्रशासकीय अधिकृतलाई तोक्ने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.४६, सु.प्रदेश सरकार लाई मिति २०७६।०७।२७ को कार्यपालिका बैठकको निर्णयमा तपसिल वमोजिमको योजनाको लागि वजेट व्यवस्थाका लागि अनुरोध गरिएकोमा उक्त योजना समपुरक कोष अनुदान अन्तर्गत आ.व.२०७६।०७७ को कार्यक्रममा समावेश गरि दिन अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

चटंकपुर चौराहा दखि राजघाट जाने सडक कालोपत्रे गर्ने काम वा.नं.३

नि.नं.४७, सिमा सुरक्षा बल धनगढी कैलालीले व्यारेक व्यवस्थापनका लागि २ वटा Truss माग आएकोले उक्त Truss निर्माणका लागि रु.५ लाख वरावरको Truss Pipe र जस्तापाता उपलव्ध गराउने निर्णय गरियो ।

नि.नं.४८, धनगढी -१ सनलाइट होटल पछाडीको नाला मर्मत तथा ढक्कन (केहि स्थानमा) अति आवश्यक देखिएकोले यथासिघ्र मर्मत सम्भार कोषवाट खर्च हुने गरी काम अगाडी वढाउने निर्णय गरियो ।

नि.नं.४९, धनगढी उपमहानगरपालिका अन्तर्गतका वडा नं.१ देखि १३ सम्मका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता हालसम्म कृषि विकास बैंक बैकिङ्ग कार्यालय धनगढी, कैलालीवाट वितरण भैरहेकोमा अत्यधिक चापका कारण भत्ता वितरणमा असहज हुनगै लाभग्राहीहरुवाट वेलावेलामा गुनासो समेत सुनिन आएकोले आ.व.२०७७।०७८ प्रथम चौमासिक देखि लागु हुने गरी निम्नानुसार बैंकहरुवाट पनि नियमानुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | बैंकहरुको विवरण | ठेगाना | कार्यस्थल/वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | ग्लोवल बैंक | कैलाली पुल | १ | |
| २ | सनराईज बैंक | क्याम्पस रोड | ७, १० र १२ | |
| ३ | कञ्चन बैंक | कैलाली पुल | १४ देखि १९ | |
| ४ | देव विकास बैंक | चौराहा | १३ | |
| ५ | प्रभु बैंक | हसनपुर | ३, ५, ६, र ११ | |
| ६ | प्रभु बैंक | चौराहा | ३ | |
| ७ | सनराईज बैंक | रातोपुल | ४ | |
| ८ | साग्रीला विकास बैंक | क्याम्पस रोड | ८ र ९ | |
| ९ | कृषि विकास बैंक | कैलाली पुल | २ | |

नि.नं.५०, धनगढी उपमहानगरपालिकालाई सडक मानव रहित शहर बनाउने कार्यक्रम अन्तर्गत सुष्त मनस्थिति भएका महिलाहरुको लागी अल्पकालिन सुधार केन्द्र सञ्चालन गर्न भवन निर्माण गर्नु पर्ने भएकोले धनगढी उपमहानगरपालिका वडा नं.४, स्थित निम्न चार किल्ला भित्रको ०-३-० जग्गा प्रयोग गर्ने निर्णय गरियो ।

पूर्व : कैलाली नाला/खोला
पश्चिम : सडक/आवादी
उत्तर : तारानगर सामुदायिक वन
दक्षिण : शिवपुरी सामुदायिक वन

Scanned by CamScanner

नि.नं.५१वैकल्पिक उर्जावाट प्राप्त हुने इन्डक्सन चुलो र फलामे चुलो कमश: २५० र २५० गरी ५०० चुलो वडा १-८ शहरी क्षेत्रमा इन्डक्सन चुलो समानुपातिक रुपमा उपलब्ध गराउने । ९-१९ सम्म फलामे चुलो समानुपातिक रुपमा उपलब्ध गराउने । वडामा आवश्यकता अनुसार वितरण गरी भर्पाइ उपलब्ध गराउने जिम्मेवारी संवन्धित वार्डका वडा-अध्यक्षलाई तोक्ने निर्णय गरियो ।

नि.नं.५२,धनगढी उप म.न.पा.१९ स्थित ललितपुर समुदायको मोहना नदीमा बाँसको जैविक तटवन्धन गर्नका लागि ने.रे.सो.कैलाली शाखा संगको सहकार्यमा २५० मी जैविक तटवन्धनका लागि रु.१,५०,०००। वजेट विनियोजन नगरपालिकाको तर्फवाट गर्ने र नेपाल रेडकस सोसाइटी कैलाली जिल्ला शाखावाट रु.२,५०,०००। गरी जम्मा ४,००,०००। को योजना वनाइ, उल्लिखित निर्माण कार्य सम्पन्न गर्ने । साथै, न.पा.को उक्त बजेट सुत्र प्रणाली वमोजिम हुने गरी भैपरी पूँजिगत खर्चवाट भुक्तानी लेख्ने निर्णय गरियो । यस बिषयमा उल्लिखित नि.नं.२१ मा समेत सैद्धान्तिक निर्णय गरिएको छ ।

नि.नं.५३ यस धनगढी उपमहानगरपालिकाको सहयोगमा नेपाल इन्जिनियर्स एसोसिएसन, सु.प.द्धारा आयोजित सार्वजनिक खरीद ( Procurement ) सम्वन्धी तालिममा भएको खर्च मध्ये रु.५०,०००। देव तालिम केन्द्रलाई भुक्तानी दिने निर्णय गरियो । साथै यस सम्वन्धमा माथि नि.नं.१३ मा समेत सैद्धान्तिक निर्णय गरिएको छ ।

नि.नं.५४समपुरक र विशेष योजना आ.व.०७७।०७८ को लागी रा.या.आमा तपसिल वमोजिमका योजना प्रस्ताव गरिएकोले समर्थन गर्ने निर्णय गरियो ।

**बिशेषका योजना**

१ त्रिनगर, जनकल्याण र भानु मा.वि., कमश: धनगढी १,१० र १७ को विद्यालय भवन निर्माण - वजेट रु.४ करोड ३३ लाख ३५ हजार ५ सय ६३ ।

२ लोपोन्मुख राजी, दलित जनजाति आवास तथा जिविकोपार्जन कार्यकम धनगढी १-१९ वजेट रकम रु.२,८१,७९,९९९।८५

**समपुरकको योजना**

१ वेहडावावा मन्दिरको पर्खाल फुटपाथ निर्माण गर्ने धनगढी वडा नं.१६

२ जोखैया पुल निर्माण धनगढी -११ रु.१,७५,००,०००।

३ वडा कार्यालय भवन निर्माण ४,१७,१२ वडा कार्यालय बजेट प्रस्ताव रकम रु.२,००,००,०००।

उल्लिखित आयोजना प्रस्ताव राष्ट्रिय योजना आयोगमा On line प्रस्ताव गरि सकिएकोले समर्थन गर्ने निर्णय गरियो ।

नि.नं.५५आ.व.०७६।०७७ मा समपुरक अनुदानमा थप योजना पेश गर्ने मिति २०७६।१०।२६ मा प्रदेश सरकारमा पठाउन म्याद थप भएकोले, प्रदेश सरकार (सु.प.) लाई चालु आ.व.मा निम्न आयोजना प्रस्ताव गर्ने निर्णय गरियो ।

१ वडा कार्यालय भवन निर्माण वडा नं.८,६,११ प्रस्तावित वजेट रु.२,२५,०००,००। माग को लागी प्रदेश सरकारसंग अनुरोध गरियो ।

२ धनगढी -८ अपी मार्ग पि.सि.सि.गर्ने काम -६७०००००।

३ धनगढी -८ शत्रुधन सिंह घर देखि हरी भट्टको घर हुदै जाने सडक पि.सि.सि.गर्ने काम - ५००००००। प्रदेश सरकार लाई सिफारिस गर्ने

नि.नं.५६आर्थिक वर्ष २०७७।०७८ का लागी प्रदेश सरकार सुदूरपश्चिम प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय धनगढी, कैलालीमा समपुरक र विशेष अनुदान तर्फ तपसिलका योजना माग गर्ने निर्णय गरियो ।

**तपसिल**

**समपुरक**

Scanned by CamScanner

(क) वडा कार्यालय भवन निर्माण वडा नं.८,६,११,३
(ख) पञ्चोदय मा.व.धनगढी - १४ को भवन निर्माण
(ग) धनगढी -६ दाहाल चौक देखि जाली चौतारा सम्म सडक निर्माण
(घ) धनगढी - ३ चटकपुर राजघाट सडक निर्माण

**विशेष**

(क) वेला धाम निर्माण धनगढी ११ - १००००००००।
(ख) सरस्वती आ.वि.भवन निर्माण धनगढी ९ वंगरा
(ग) वेहडावावा मा.वि.भवन निर्माण धनगढी - १६
(घ) धनगढी पोलिटेक्निक को भवन निर्माण धनगढी - ६
(ङ) वडा नं.२ सुरत स्वार को भन्दा तल्लो एरिया दलित वस्तीमा नाली सहित कालोपत्रे ।
(च) Giz को प्रस्ताव अनुसार स्वास्थ्यको अधिकृत लेवलको कर्मचारी २५% उ.मा.न.ले व्यहोर्ने र ७५% giz ले व्यहोर्ने गरि प्रस्ताव गरेकोमा सो प्रस्तावलाई समर्थन गर्ने निर्णय गरियो ।

नि.नं.५७तपसिल वमोजिमको आर्थिक सहायता न.पा.को आन्तरीक कोषवाट र चालु आ.व.०७६।०७७ मा विनियोजित रातो किताव अन्तर्गत सम्वन्धित शिर्षकवाट खर्च लेख्ने गरी आर्थिक सहायता र क्षतिपूर्ति समेत सम्वन्धित व्यक्ति र पक्षलाई भुक्तानी गर्ने निर्णय गरियो ।

- फिटनेस १२ हजार पर वडा लाई दिने गरि ।
- वडा खर्च १० हजार पर वडा ।
- कमल सोव नेपाल आईडेल ५१,०००।
- वत्ती पोल वाटोको विचमा परेको ईष्टिमेट अनुसार कार्य गर्ने ।
- वडा ३ मा वसपार्क/अटो मिलेज /खेलकुद गराउण्ड र पार्क ।
- दृष्टि फाउण्डेसन सिफारिस सहित निर्माण गर्ने ।
- आंखा शिविर पर वडाको शिविर २५,०००। का दरले दिने ।
- वडा नं.१५ मा तिजको वजेट वांकी ।
- पावर ईन्टरनेसनल मिडिया नेपाल - १,५१,०००।
- सुरक्षित भातृत्व संजाल (महिला पाठेघर) १,७५,०००।
- सामुदायिक सिकाई केन्द्र CLC
- धनगढी महोत्सव वडा १५ - १,५१,०००।
- ट्रान्सफर्मर जोडने ग्रामीण (वडा १५,१६,१७)
- वडा ७ कालिका मन्दिर ट्रस वाफत ७ लाख ।
- वडा १४ वाल आधारभुत विद्यालय खुटिया विल्डन नेपाल र उ.न.वा.को साझेदारीमा - ७,००,०००।
- भैरववावा विद्यालय वडा ६ मटियारी वाकी निरन्तरता -८,००,०००।
- जनप्रतिनिधीका लागी लोगो तयार गर्न निर्णय गरियो ।
- सनराईज वैंकको काउन्टर र नियमानुसार गर्ने मिल्ने कार्य हरु गर्ने निर्णग गरियो ।
- निम्न वडाहरुमा निम्नलिखित वैंकहरुलाई सामाजिक सुरक्षा भत्ता को खाता खोल्ने निर्णय गरियो ।
- मोटरसाइकिलको क्षतिपूर्ति वाफत ।
- थारु संग्रालय वजेट आवश्यक ।
- UNDP - र उ.मा.न.को साझेदारी एकल महिला वजेट विनियोजन ।
- सत्संग भवन वडा ८ फर्निचर कम्प्युटर अन्य - १५००००।
- विकास सम्मेलन १५ लाख ।

Scanned by CamScanner

- सालको पल्ला विद्यालयमा
- वडा नं.७ को वडा नं.५ मा वडा कार्यालय सार्ने निर्णय गरियो ।
- उर्मीको वोरिङ मर्मत ।
- चर्च मर्मत वडा नं.१५ - १,००,०००। सेभन डेज एडभानटिस्ट चर्च ग्रिल प्लाष्टर ।
- खानेपानी -हेण्डपम्प) २०,००,०००। विभिन्न वडामा वाडने निर्णय गरियो ।
- वडा नं.३ को सवदाहा वडा नं.९ मा सार्ने निर्णय गरियो ।
- वडा नं.३ मा ठाउँ हेरी सबैसंग सल्लाह गरि सवदाहा निर्माण गर्ने निर्णय गरियो ।
- ७२ मीटर निरन्तरता वाकी रकम ।
- महिला अपाङ्गता सम्वन्धि वजेट को अभाव ।
- त्रिनगर मा.वि.को विद्यालय भवन वडा १ सरस्वती आधारभुत विद्यालयमा सार्ने निर्णय गरियो ।
- वालविहानी पुल निर्माण स्थल नजिकको पदम भट्टको घरभाडा प्रति महिनाका दरले ७,०००। दिने ।
- दाँतको सिविर प्रत्येक वडा मा संचालन गर्ने निर्णय गरियो ।
- वडा नं.३ भन्सार एरिया थप रकम ६,००,०००। भन्सारको जमिन संग जोडिएको विल्डिङ भन्दा पश्चिम
- वडा नं.१७ वाकी १६० मीटर सडकले पूर्ण हुने भएकोले सो रोडलाई निरन्तरता दिने स्टेमेट अनुसार वजेट भुक्तानी दिने निर्णय गरियो ।
- धनगढी फुटवल एकेडेमी वडा ६ जालीमा संचालन हुने भएकोले सोलाई (DPR) तयार गरि प्रदेश र सघमा सिफारिस गरि दिने निर्णय गरियो ।

नि.नं.५८जनजागृती आ.वि.धनगढी १५ कनरी शिवशंकर आ.वि.धनगढी १४ र पंचोदय मा.वि.धनगढी १४ को सहितको शौचालय निर्माणको म्याद आषाढ मसान्तमा सकिएकोले निर्माण गर्ने काम केही वाकी भएकोले फाल्गुन १५ सम्म थप गर्ने निर्णय गरियो ।

नि.नं.५९शिवराज भट्ट वडा नं.४ नाली र ग्राभेल इष्टिमेट अनुसार वजेट विनियोजन गर्ने कार्य अगाडी वढाउने निर्णय गरियो ।

नि.नं.६०धनगढी उप-महानगरपालिकाले संचालनमा ल्याएको धनगढी पोलिटेक्निक इन्स्टिच्युटको कार्यक्रम संचालनका लागि आवश्यक भौतिक पूर्वाधार फर्निचर तथा प्रशिक्षण सामाग्रीका लागि रु.५,००,०००। (पाँच लाख मात्र ) र प्रयोगशाला व्यवस्थापन (सामागी खरीद समेत ) का लागि रु.५,००,०००। (पाँच लाख मात्र ) गरी रु.१०,००,०००। (अक्षरुपी रु.दश लाख मात्र) रकम न.पा.को भैपरी पूँजिगत शिर्षकवाट खर्च गर्ने र लेखा सुत्र प्रणाली अनुसार आवद्ध गर्न समेत अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं.६१न.पा.को महिला तथा वालवालिका शाखावाट संचालन गरिने अपाङ्गता परिचयपत्र वितरण अभिमुखिकरण शिविर संचालनका लागि रु.५,००,०००। मात्र विविध र अन्य भत्ता शिर्षकवाट खर्च गर्ने गरी अख्तियारी दिइयो ।

नि.नं.६२धनगढी -९ चौफेरी ताल ठेक्कामा दिई ठेक्का सम्झौता भएकोमा ठेक्का सम्झौता वमोजिम ताल सुधारका कामहरु कृषि कार्यक्रम वाट संचालन गर्ने निर्णय गरियो ।

नि.नं.६३स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।१०।१३ च.नं.१३० को पत्रानुसार निर्णयानुसार तोकिएको मापदण्ड पुगेका विद्यालयहरुमा विद्यालय नर्सिङ्ग स्टाफ राख्ने सहमति भै नेपाल सरकारको अनुदान र कार्यविधि अनुसार नर्सिङ्ग स्टाफ प्रचलित करार ऐन अनुसार सेवा खरिद गरी काममा लगाउने निर्णय गरियो

Scanned by CamScanner

। साथै, थप एक विद्यालय शिव मा.वि.रामपुर वडा नं.१६ मा समेत उल्लिखित कार्यक्रम संचालन गर्ने र थप एक विद्यालयमा नर्सिङ्ग कार्यक्रम चलाउन नर्सिङ्ग स्टाफको ५ महिनाको लागी आवश्यक वजेट रकम न.पा. को आन्तरीक आयवाट आ.व.०७६।०७७ को लागी रु.३,००,०००। अक्षरुपी तीन लाख विनियोजन गरी खर्च गर्ने अख्तियारी प्रदान गरियो ।

नि.नं.६४यस नगरपालिकाको स्वामित्वमा संचालन भएको सवारी साधन नं.वा.१ फ ८१४० को सवारी साधनले से ५ प.३२८७ को मोटरसाइकल क्षति पुर्‍याई प्रहरी मुचुल्काको आधारमा यस कार्यालयका मेकानिकल प्राविधिक श्री सतवीर रानावाट मुल्याङ्कन हुँदा मोटरसाइकल मर्मत गर्दा लाग्ने खर्च जम्मा रु.एक लाख पचास हजार चौसट्ठी रुपैया मुल्याङ्कन प्रतिवेदनवाट प्राप्त हुन आएकोले निज क्षति पुगेका सवारी सधान (मोटरसाइकल ) का धनी हर्क वहादुर चन्द लाई मुल्याङ्कन अनुसारको क्षतिपूर्ति न.पा.को आन्तरीक आयवाट खर्च लेख्न संपूर्ण जवाफदेहीता र जिम्मेवारी यस न.पा.को कार्यपालिकाले लिने गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च भुक्तानी गर्ने अख्तियारी प्रदान गरियो । साथै, संपूर्ण जवाफदेहीता र जिम्मेवारी यस नगर-कार्यपालिकाले लिने गरि निज क्षती पुगेका व्यक्ति श्री हर्क वहादुर चन्दलाई न..पा.को आन्तरीक आयवाट खर्च लेख्ने गरी रु.एक लाख आर्थिक सहायता दिने निर्णय गरियो ।

नि.नं.६५नगर शिक्षा ऐन २०७४ को दफा २१ को घ संशोधन विद्यालयका संस्थापक, स्थानिय वुद्धिजिवी, शिक्षाप्रेमी विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येवाट नगरपालिकाले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य राख्ने व्यवस्था गर्नकोलागी संसोधन गर्न विधायन समितिमा छलफलको लागी पठाउने निर्णय गरियो । साथै, विधायन समितिवाट कार्यपालिका बैठक मार्फत नगर सभावाट पारित भै कार्यान्वयनमा लगिने छ ।

नि.नं.६६यस नगरपालिकामा साविकमा कार्य गरि आएका रा.प.अनं.चौथो तहका अमिन श्री गोविन्द राज जोशी र रोहित चौधरी संघ सरकारमा समायोजन भै जानु भएकोले नगरवासीको दैनिकसेवा प्रवाह गर्न अति आवश्यक परेकोले १९ वटै वडामा चौथो तहका अमिन राख्नै पर्ने तर संघ सरकारवाट समायोजन भै नआएको र आएका समेत पुनः समायोजन भै संघमा नै फिर्ता गएकोले नगरपालिका समस्यामा परेको । विद्यमान अवस्थामा स्थानीय सरकार संचालन ऐन २०७४ (प्रथम संशोधन समेत ) ले प्राविधिक सेवाका जनशक्तिको सेवा खरिद गर्न सकिने कानूनी आधारमा तत्कालका लागी तिन जना प्राविधिक (अमिन चौथो तह ) कर्मचारी १२,१५,१० र १६ वडामा गै काममा लगाउन न्युन मूल्याङ्कित सारभुत रुपमा प्रवाहग्राही प्रस्तावदाता मध्येवाट सेवा खरिदको माध्यमवाट न.पा.ले तीन जना अमिनको सेवा खरिद गरी काममा लगाउन र सेवा खरिद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गरियो । साथै, सेवा खरिदको मासिक तलव तथा सुविधा दिदा नेपाल सरकारले तोकेको प्रचलित तलव स्केल अनुसार खर्च लेख्न न.पा.को आन्तरीक आयबाट भुक्तानी लेख्ने गरि अख्तियारी दिइयो । साथै, यो सेवा खरिद आ.व.०७६।०७७ को लागी हुने र आवश्यकता अनुसार नगर-कार्यपालिकाको अख्तियारीले सम्झौता समेत सेवा करार गर्ने प्राविधिक उल्लिखित तहको सेवा दिने सेवा प्रदायक बाट विस्तार गर्न सकिनेछ ।

Scanned by CamScanner